जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक


MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१८३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४१ पृष्ठः ४ | २०८३ जेठ १८ सोमबार (Monday 01 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कमला नदीको पुल निर्माणमा बजेट विनियोजन नगरेको भन्दै आन्दोलन



**सुरेश राय**

सिरहा, १७ जेठ। सिरहा र धनुषा जिल्लालाई जोड्ने हुलाकी सडकअन्तर्गतको कमला नदीको पुल निर्माणका लागि बजेट विनियोजन नगरिएको भन्दै स्थानीयवासी आन्दोलनमा उत्रिएका छन्। शुक्रबार प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को बजेटमा रकम विनियोजन नभएको भन्दै स्थानीयवासीले आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन्। कमला पुल निर्माण समितिले शनिबार बैठक बसी आन्दोलन गर्ने निर्णय गरेका हुन्।

समितिले सार्वजनिक गरेको कार्यक्रम अनुसार सोमबार जनकपुरधामस्थित मधेश प्रदेशसभा अगाडि पाँचबुँदे मागसहित धर्ना दिइने छ। सरकारले हुलाकी सडकलाई आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित ८ वटा पुलका लागि चार अर्ब रुपैयाँ विनियोजन गरे पनि कमला पुललाई समेटिएको छैन। यसैले स्थानीयवासीहरू आन्दोलित भएका हुन्।

सिरहा क्षेत्र -१ का सांसद बब्लु गुप्ता, सिरहा क्षेत्र -४ का सांसद तपेश्वर यादवले भने फेसबुकमार्फत हुलाकी राजमार्ग तीन वर्षभित्र सम्पन्न गर्ने योजना रहेको र सोही योजना अन्तर्गत कमला पुल रहेको दाबी गरेका छन्। करिब १५ वर्षअघि निर्माण सरु भएको कमला पुल तीन वर्षभित्र सम्पन्न हुनुपर्ने भए पनि विभिन्न अवरोधका कारण अझै निर्माण पूरा भएको छैन। निर्माणको अन्तिम चरणमा पुगेको बेला २०७८ असार १७ गते आएको बाढीले पुलका दुईवटा जग भासिँदा चारवटा स्ल्याबमा क्षति पुगेको थियो। त्यसयता पुनर्निर्माण कार्यले गति लिन सकेको छैन।

स्थानीयवासी किशोरी यादवले मधेशका जनताको दीर्घकालीन समस्याप्रति सरकारले पुनः बेवास्ता गरेको आरोप लगाए। 'वर्षौंदेखि जनताले सास्ती भोगिरहेका छन्, तर कमला पुललाई बजेटमा प्राथमिकता नदिनु मधेशप्रतिको विभेदपूर्ण व्यवहार हो', उनले भने।

## आगामी आवको बजेट उत्पादनमुखी बनाउँछौंः मुख्यमन्त्री यादव



धनुषा, १७ जेठ। मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रदेशको आवश्यकता, जनअपेक्षा र विकासका प्राथमिकतालाई केन्द्रमा राखेर तर्जुमा गरिने बताएका छन्। अर्थ मन्त्रालयद्वारा आइतबार जनकपुरधाममा आयोजित 'मधेस प्रदेशको आगामी आवको बजेट तर्जुमा'सम्बन्धी अन्तरक्रिया उनले प्रदेश सरकारले सीमित स्रोतसाधनका बाबजुद आर्थिक विकास, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर बजेट निर्माणको तयारी गरिरहेको उल्लेख गरे।

उनले प्रदेश सरकारको लक्ष्य समृद्ध, आत्मनिर्भर र विकासोन्मुख मधेस निर्माण गर्नु रहेको उल्लेख गर्दै बजेटलाई केवल खर्च गर्ने माध्यमका रूपमा नभई आर्थिक तथा सामाजिक रूपान्तरणको आधारका रूपमा प्रयोग गरिने बताए। प्रदेशको आर्थिक अवस्था, उपलब्ध राजस्व, संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा विकासका

-बाँकी तीन पेजमा

## सिरहामा 'ग्याङ' आतंक मच्याउने २५ युवक २१ मोटरसाइकलसहित पक्राउ

सिरहा, १७ जेठ। विभिन्न ग्रुप तथा ग्याङका नाममा समाजमा आतंक मच्चाउन खोज्ने २५ जनालाई २१ थान मोटरसाइकलसहित सिरहा प्रहरीले नियन्त्रणमा लिएको छ। आइतबार सिरहा-चोहर्वा सडकमा विशेष अपरेसन चलाएर प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो। प्रहरीका अनुसार उनीहरूले किङ अफ बलान, किङ अफ भगवानपुर, किङ अफ लहान,




किलर्स ब्रदरलगायतका ग्याङका नाममा टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालमा अकाउन्ट र ग्रुप बनाई आतंकित पार्ने, गालीगलौज र धम्कीयुक्त भिडियो पोष्ट गर्ने गर्दै आएका थिए।

यस्तै, उनीहरूले बिना हेल्मेट र बिना नम्बर प्लेटका मोटरसाइकलसहित पनि भिडियो बनाउने गरेका थिए। उनीहरूले समाजमा शान्ति सुरक्षा भंग गर्ने खालको व्यवहार प्रदर्शन गर्दै आएको र आपराधिक कार्यमा समेत संलग्न हुन सक्ने आकलनसहित प्रहरीले उनीहरूमाथि निगरानी बढाएको थियो। यसैक्रममा आइतबार एउटै मोटरसाइकलमा तीन-चार जनासम्म सवार भई ट्राफिक नियम उल्लंघन गर्दै सामूहिक रूपमा सिरहा सदरमुकामतिर जाने क्रममा उनीहरूलाई नियन्त्रणमा लिइएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालले जानकारी दिए।

जसमा सप्तरीको बलान बिहुल गाउँपालिकाका १२ जना, सिरहाको लहान नगरपालिकाका २ जना, विष्णुपुर गाउँपालिकाका ६ जना र भगवानपुर गाउँपालिकाका ५ जना गरी २५ जना युवक तथा उनीहरू सवार भएर आएका २१ थान मोटरसाइकल रहेको डीएसपी पालले बताए।

-बाँकी तीन पेजमा


GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गवाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सिफारिस कार्यान्वयन सरकारको कर्तव्य

राष्ट्रिय मानव अधिकार आयोगले तयार गरेको गत वर्षको भदौ २३ र २४ गते जेन–जी आन्दोलनका नाममा भएको दमन र विध्वंसको प्रतिवेदनको सिफारिस खण्ड सार्वजनिक भएको छ। आयोगले गत बुधवार सार्वजनिक गरेअनुसार घटनामा संलग्नहरूमाथि कारबाहीका लागि सिफारिस गरिएको हो। राष्ट्रिय मानव अधिकार आयोग नेपालको संविधान, २०७२ को धारा २४८ अनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु गठन भएको स्वायत्त संवैधानिक निकाय हो। कानुनतः आयोगको सिफारिस सरकारले कार्यान्वयन गर्नुपर्छ।

यसभन्दा पहिले गत भदौकै घटनाको छानबिन गर्न अन्तरिम सरकारले न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा न्यायिक आयोग गठन गरेको थियो। तीन महिनाभित्र प्रतिवेदन तयार गर्ने कार्यादेश सहित गठन गरिएको कार्की आयोगले करिब पाँच महिनामा मात्र प्रतिवेदन बुझाएको थियो। दुवै आयोगले भदौ २३ को घटनामा तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद ओली र गृहमन्त्री रमेश लेखकलगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुखमाथि पनि कारबाही गर्न सिफारिस गरेको छ। भदौ २४ को विध्वंसमा कार्की आयोग लगभग मौन रहेकोमा मानव अधिकार आयोगले भने संदिग्ध व्यक्तिहरू किटान गरी थप छानबिन तथा कारबाहीको लागि सिफारिस गरेको देखिन्छ।

यसैले यी दुई प्रतिवेदनमा कार्की आयोगको भन्दा मानव अधिकार आयोगको प्रतिवेदन सन्तुलित र अपेक्षाकृत पूर्ण देखिन्छ। मानव अधिकार आयोगले कार्की आयोगका अध्यक्ष गौरीबहादुर कार्कीका साथै पूर्वप्रधानमन्त्री सुशीला कार्की र पूर्वगृहमन्त्री ओमप्रकाश अर्यालमाथि पनि छानबिन गर्न सिफारिस गरेको छ। अन्तर्राष्ट्रिय मान्यता र सञ्जालसमेत भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयनका लागि बाध्यकारी पनि हुन्छ। मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन नगरे संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय मञ्चहरू सम्बन्धित देशको सरकारले जवाफ दिनुपर्छ। नेपाल पक्ष भएका सन्धि सम्झौताहरूमा पनि मानव अधिकार उल्लंघनकर्तालाई सक्षम न्यायालयबाट सजाय दिलाउन राज्यले प्रतिबद्धता व्यक्त गरेको स्मरणीय छ।

गत भदौको घटनाका सम्बन्धमा मानव अधिकार आयोगले थप छानबिन र कारबाहीका लागि गरेको सिफारिस सूचीमा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलगायत त्यस दलका कैयौं नेताहरूको नाम समावेश भएको छ। यसैले सरकारले मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न आलटाल गर्ने वा गर्दै नगर्ने सन्देह जनस्तरमा देखिन्छ। कार्की आयोगको प्रतिवेदन कार्यान्वयनका क्रममा सरकारले ओली र लेखकलाई पक्रेर थुनामा समेत राखेको थियो। ओली र लेखकलगायतलाई कारबाही गर्न मानव अधिकार आयोगले पनि सिफारिस गरेको छ भने अब रास्वपाका नेताहरूलगायत माथि निष्पक्ष अनुसन्धान गराएर कारबाही गर्नु सरकारको जिम्मेवारी हो। रास्वपाका नेतामाथि कारबाही गराउनु प्रधानमन्त्री बालेन्द्र शाहका लागि पक्कै चुनौतीपूर्ण हुनेछ तर कारबाही गरिएन भने नैतिक वैधता र उत्तरदायितामा प्रश्न उठ्नेछ।

भदौ २४ को विध्वंसमा संलग्न हुनेहरूमाथि अनुसन्धान र कारबाही नगर्ने हो भदौ २३ को दमनमा संलग्नहरूमाथि कारबाही गर्ने नैतिक अधिकार राज्यलाई हुँदैन। दुवै पक्षलाई उन्मुक्ति दिनु दण्डहीनताकै निरन्तरता ठहरिनेछ। साथै, जेन–जी आन्दोलनमा ज्यान गुमाउने र घाइतेहरूमाथि पनि अन्याय हुनेछ। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन पूर्णरूपमा सार्वजनिक भएको छैन। थप अनुसन्धान तथा कारबाहीका लागि सिफारिस गरिएको नामहरू हेर्दा रास्वपाको सरकारले प्रतिवेदनमाथि न्याय गर्ला भनेर विश्वास गर्न कठिन छ। मानव अधिकार आयोगको प्रतिवेदनको उपेक्षा गरिएमा त्यसबाट अन्तर्राष्ट्रिय स्तरमा समेत सरकारको छवि नकारात्मक हुनसक्छ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनको उपेक्षा गर्नु प्रत्युत्पादक हुन्छ भन्ने हेक्का राखेर सरकारले आयोगको सिफारिस कार्यान्वयन गर्न अग्रसरता देखाउनुपर्छ। थप छानबिनको लागि सिफारिस गरिएका व्यक्तिहरूमाथि अनुसन्धान अगाडि बढाउन सरकारले सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय सक्षम न्यायिक निकायबाट अनुसन्धान गराउनु उचित र आवश्यक देखिन्छ। अनुसन्धानको विश्वसनीयता सुनिश्चित गर्न आवश्यक परे प्राविधिक वा अन्तर्राष्ट्रिय विशेषज्ञ सहयोग पनि लिए हुन्छ।

# प्रश्नोत्तरमा बालेन, विवादमा प्रक्रिया र अभिव्यक्ति



काठमाडौं, १७ जेठ। प्रधानमन्त्री बालेन शाहले आइतबार पहिलो पटक सांसदहरूका प्रश्नको सामना गरे। तर प्रश्नोत्तर कार्यक्रमको प्रक्रिया र अभिव्यक्ति विवादमा परे। दिउँसो १ बजेका लागि तय भएको बैठक आधा घण्टा ढिलो गरी सुरु भयो। सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाको कामकारबाही सुरु भएको घोषणा गरिनसक्दै प्रधानमन्त्रीले हात उठाए। सभामुख अलमलमा परे।

संसद् सचिवालयका कर्मचारीले प्रधानमन्त्रीले बोल्न समय मागेको संकेत भनेर सभामुखलाई ब्रिफिङ गरे। संसद्मा प्रधानमन्त्रीले बोल्न चाहेमा जुनसुकै बेला समय दिनुपर्ने कानुनी व्यवस्था र संसदीय अभ्यास दुवै छ। यस आधारमा सभामुखले भने, 'सम्माननीय प्रधानमन्त्रीज्यूले हात उठाउनु भएको हुनाले म रोस्ट्रम प्रयोग गर्न अनुमति दिन्छु।' रोस्ट्रम उक्लेर प्रधानमन्त्री बालेनले सम्बोधन गरेनन्। बरु आफू प्रश्नोत्तरका लागि उपस्थित भएको आग्रह गरे, 'सम्माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरूले धेरै दिनदेखि प्रश्न सोध्न खोज्नुभएको रहेछ। त्यसको निम्ति समय दिन हजुरलाई अनुरोध गर्न चाहन्छु।'

सभामुख फेरि अलमलमा परे। प्रधानमन्त्रीले पनि कुन प्रक्रिया र प्रतिनिधिसभा नियमावलीको कुन नियमअन्तर्गत रहेर प्रश्नोत्तर चाहेको हो खुलाएनन्। अलमलकैबीच सभामुखले सांसदहरूलाई प्रश्न सोध्न समय दिए। सभामुखले हरेक दलाई प्रश्न सोध्नका लागि दुई मिनेटको समय निर्धारण गरे। यहाँनेर सभामुखले कुनै विधि र प्रक्रियाको कुरा गरेनन्। तुरुन्तै सभामा नियमापत्ति भयो। नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले प्रश्नोत्तरको प्रक्रियामै प्रश्न उठाए।

'म फेरि आज एक पटक यो देशको संविधान र प्रतिनिधिसभा नियमावली मिचिएको दुःखद कुरा संसद्लाई अवगत गराउन चाहन्छु। सम्मनननीय प्रधानमन्त्रीबाटै यो हुन राष्ट्रका लागि धेरै नै दुःखद कुरा हो,' दुलालले भने। यहाँनेर उनले प्रतिनिधिसभा नियमावलीको नियम ५६ स्मरण गराए। जहाँ प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम र यस्तो कार्यक्रम सांलनसम्बन्धी प्रक्रियासम्बन्धी व्यवस्था छ।

**हडबडाए सभामुख**

एकातिर प्रधानमन्त्रीले आकस्मिक रूपमा प्रश्नोत्तर चाहेको र अर्कोतिर विपक्षी रोअबाट प्रश्नोत्तरको प्रक्रियाबारे प्रश्न आएपछि सभामुख नै हड्बडाए। अलमलका बीच सभामुखले विपक्षी दलका सांसदहरूलाई नियमावलीको व्यवस्थाबारे बोल्न समय दिए। सभामुखसँग समय लिएर नेकपा एमालेका प्रमुख सचेतक ऐन महर बोले। प्रधानमन्त्री संसद्मा उपस्थित भएकोलाई सुखःद् भने। साथै संसद्मा उपस्थित भएकोमा धन्यवाद दिए। तर प्रक्रिया नमिलेको भनेर प्रश्न उठाए।

'संविधान र नियमावलीभन्दा माथि कोही पनि हुनुहुन्न। सम्माननीय प्रधानमन्त्री, सभामुख, हामी कोही पनि छैनौं,' महरले भने, 'प्रतिनिधिसभा नियमालीको नियम ५६ मा तीन दिन अगाडि नै प्रधानमन्त्रीलाई सोधिने प्रश्न दर्ज गर्ने कुरा प्रष्टसँग लेखिएको छ।' सांसदहरूका लिखित प्रश्न लिएर मात्रै प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम चलाउन माग गरे। जवाफमा सभामुख अर्यालले तीन दिन अगावै प्रश्न लिने प्रावधान नरहेको व्याख्या गरे। 'माननीय सदस्यहरूले नियमावलीको नियम ५६ को कुरा उठाइरहनुभएको छ। म माननीय सदस्यहरूलाई पुनः नियम ५६ हेर्नको लागि अनुरोध गर्छु,' सभामुखले भने, 'हाम्रो नियमावलीले तीन दिन अगावै प्रश्न लिखित रूपमा सोध्नुपर्ने भनेर निर्धारण गरेको छैन।'

सभामुखको यस्तो व्याख्याप्रति समर्थन जनाउँदै रास्वपाका सांसदहरूले गडगडाहट ताली बजाए। जबकि, यो सभामुखबाट भएको गलत व्याख्या थियो। प्रतिनिधिसभा नियमावलीको परिच्छेद ९ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्याक्रमको व्यवस्था छ। जस अन्तर्गतको नियम ५८ मा प्रष्टसँग भनिएको छ, 'यस परिच्छेदअन्तर्गत प्रश्न गर्न इच्छुक सदस्यले आफ्नो प्रश्नको विषयको लिखित जानकारी बैठक प्रारम्भ हुनुभन्दा तीन दिन अगावै सभामुखलाई गराउनु पर्नेछ।'

नियमावलीको व्याख्यामा सभामुख एक ठाउँमा मात्रै चिप्लिएका होइनन्।

सभामुखको व्याख्यामै एमालेका सांसद गुरुप्रसाद बरालले प्रश्न उठाए। साथै, प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरमा एक पटकमा १५ जना सांसदले प्रश्न सोध्न पाउने व्यवस्था रहेको स्मरण गराए। फेरि पनि सभामुख मान्न तयार भएनन्। सांसद बराललाई जवाफ दिँदै सभामुख अर्यालले भने, 'मैले फेरि माननीय सदस्यहरूलाई ध्यानाकर्षण गराएँ। नियमावलीको कुनै नियममा १५ जनाले प्रश्न सोध्न पाउने भन्ने लिखित रूपमा छैन।' जबकि, प्रतिनिधिसभा नियमावलीको नियम ५६ को उपनियम ५ मा यसबारे प्रष्ट लेखिएको छ, 'यस नियमअन्तर्गत प्रश्न गर्दा एक दिनको बैठकमा बढीमा १५ जना सदस्यले मात्र प्रश्न सोध्न सक्ने छन् र एउटा सदस्यले सोधेको प्रश्नको जवाफ दिइसकेपछि क्रमशः अर्को प्रश्नकर्ता सदस्यको नाम बोलाइने छ।'

नेपाली प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा यससम्बन्धी व्यवस्था छ। जहाँ भनिएको छ, 'प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नको लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्नेछ।' 'सभामुखले गर्नेछ' भनेर राखिएको यो बाध्यकारी व्यवस्था हो। केही गरी तय भएको दिन प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम हुन नसके लगत्तै बस्ने बैठकमा गर्नुपर्ने भनिएको छ।

नियम ५६ को उपनियम १ मा अगाडि भनिएको छ, 'तर उक्त दिन कुनै कारणवश बैठक बस्न नसकेमा त्यसपछि लगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गर्नेछ।' तर, यस्तो प्रावधान लागु नभएको भनेर विपक्षीले संसद्मा प्रश्न उठाइरहेका बेला बालेनले आज आकस्मिक रूपमा प्रश्नोत्तर गरेका हुन्। प्रधानमन्त्रीले आकस्मिक रूपमा सम्बोधन गर्न चाहेपछिको परिस्थितिमा हड्बडिएका सभामुखले नियमावलीको गलत व्याख्या गरेका हुन्।

यस परिस्थितिलाई सम्हाल्ने र सदनलाई अगाडि बढाउने गरी नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसी प्रस्तुत भए। प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमभन्दा प्रधानमन्त्रीले समसामयिक विषयमा सांसद्का प्रश्न लिन चाहेको भनेर केसीले आफ्ना प्रश्नहरू राखे। सांसद केसीले जेनजी आन्दोलनबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन कहिले सार्वजनिक हुन्छ भनेर सोधे। प्रधानमन्त्रीले जवाफ दिए, 'मानव अधिकार आयोगको प्रतिवेदन मात्रै नभएर, भदौ २३ र २४ गतेको मात्रै नभएर विभिन्न कालखण्डमा धेरै आन्दोलनहरू भएका छन्। धेरै दमन भएका छन्। विभिन्न कालखण्डमा भएका आन्दोलनहरू, त्यालीहरूमा भएका कुराका प्रतिवेदन धेरै छन्। एउटा मात्रै प्रतिवेदन छैन।'

मानव अधिकार आयोगको प्रतिवेदनको पूर्ण पाठ सरकारले नै पाउन बाँकी रहेको भन्दै प्रधानमन्त्रीले पूर्ण प्रतिवेदन प्राप्त गरेपछि अध्ययन गरेर सरकार अगाडि बढ्ने आश्वासन दिए। नेपाली कम्युनिस्ट पार्टीका सांसद वर्षमान पुनले पनि प्रक्रियामा त्रुटि हुन सक्ने र त्रुटि सच्याउँदै जानुपर्ने सुझाव दिए। त्यसपछि प्रधानमन्त्रीसँग हुने प्रक्रिया, नियम र पद्धतिमा उठेका प्रश्न र सभामुखको गलत व्याख्यालाई थाती राखेर सांसदहरू प्रधानमन्त्रीसँगको प्रश्नोत्तरमा सरिक भए।

**छचल्कियो बालेनको बचकना**

प्रधानमन्त्री छोटा र सटिक जवाफ दिने प्रयत्नमा थिए। तर उनको बचकना संसद्मा छचल्कियो। परिणाममा उनी आफ्नै अभिव्यक्तिका कारण विवादमा तानिएका छन्। सीमा विवादसम्बन्धी प्रश्नको जवाफमा प्रधानमन्त्री विवादमा तानिएका हुन्। नेकपा एमालेकी सांसद पद्मा अर्यालले नेपाल–भारत सीमा विवादबारे प्रश्न गरिन्। अर्यालको प्रश्न थियो, 'वास्तवमा हाम्रो राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय अखण्डता र स्वतन्त्रता, हामी सबैको प्राणभन्दा प्यारो छ। आज नेपालको भूमि हामीले दावा गरिरहेका छौं, नक्सा

–बाँकी तीन पेजमा

## प्रश्नोत्तरमा बालेन...

जारी भइसकेको छ। त्यो भूमिमा त्रिपक्षीय सरोकारको ठाउँ नेपाल, चाइना र भारतको तर आज नेपाललाई व्यवस्था गरिकन भारत र चाइनाका तर्फबाट दुई पक्षीय समझदारी कायम गरेर जुन व्यापारिक मार्ग निर्माण गर्ने काम धमाधम भइरहेको छ यो सन्दर्भमा नेपाल सरकारको धारणा के छ ? सरकारले के गरिरहेको छ भन्ने सन्दर्भमा म प्रधानमन्त्रीज्यूसँग चासो राख्न चाहन्छु।'

प्रधानमन्त्री बालेनले 'लिपुलेक-लिम्पियाधुरासम्बन्धी बुझ्न खोज्नु भयो जस्तो लागेको छ' भनेर जवाफ सुरु गरे। यससम्बन्धी नेपाल सरकारले अफिसियल रूपमा डिप्लोमिया नोट भारत सरकारलाई पठाइसकेको छ र त्यसको जवाफ पनि आएको जानकारी संसद्लाई गराए। 'त्यो जवाफमा दुइटै सरकारले आफ्ना इतिहासविदहरू, सर्भेयरहरू राखेर आफ्नो भूमिसम्बन्धी जानकारी भएका व्यक्तिहरू राखेर टेबल टकमार्फत यसको समाधान गर्ने कुरा भएको छ,' प्रधानमन्त्रीको जवाफ छ। यो विषयमा नेपालले तेस्रो मुलुकसँग पनि संवाद गरेको पनि प्रधानमन्त्रीले जानकारी दिए।

'यससम्बन्धी हामीले भारत र चाइनालाई मात्रै नभएर इंग्ल्यान्ड सरकारसँग पनि कुरा गरेका छौं। उहाँहरूले ब्रिटिस इन्डिया छोड्दै गर्दाको समस्या अहिलेसम्म हाम्रोमा भइरहेको हुँदा यसमा इंग्ल्यान्डले पनि सरोकार राख्नु पर्छ भन्ने हाम्रो मान्यता हो,' प्रधानमन्त्रीले भनेका छन्, 'यी सबै कुराहरू टेबल टक डिप्लोमेटिक हिसाबले भएर समाधान हुने जानकारी गराउन चाहन्छु।' लिपुलेकको सीमा विवादबारे भारत र चीनबाहेक अर्को मुलुकसँग समेत सरकारले कुरा गरेको प्रधानमन्त्रीको जवाफले संसद्भित्र र बाहिर कौतुहलता जगाइसकेको थियो।

यही बेला श्रम संस्कृति पार्टीका सांसद आरेन राईले पनि सीमा विवादको विषय उठाए। राईको प्रश्न थियो, 'कालापानी, लिपुलेक, लिपियाधुराको समस्या निकै लामो समयदेखि चल्दै आएको छ र अन्य सीमामा थुप्रै समस्या छन्। त्यो सीमामा सरकार छ भन्ने आम नागरिकले कहिले अनुभूति गर्न सक्छन् ?'

जवाफमा प्रधानमन्त्री बालेनले 'डिप्लोमेटिक रूपमा टेबल टक' गरेरै समस्या समाधान गर्ने पुरानै जवाफ दोहोर्‍याए। यहाँनेर प्रधानमन्त्री बालेनले नेपालको तर्फबाट समेत भारतीय भूमि मिचिएको विषय थाहा लागेको सुनाए। 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ– भारतले नेपालको जग्गा मात्र हैन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ,' प्रधानमन्त्री बालेनले भने, 'त्यही भएर दुइटै देशले अध्ययन गरेर हामीले मिचेको छौं, उहाँहरूले मिच्नु भएको छ। के छ ? त्यसलाई बसेर एउटा साथीको रूपमा समाधान गर्ने हामीले सोच राखेका छौं।'

**संसद्मै खोजियो तथ्य**

प्रश्नोत्तरका लागि संसद्को रोस्ट्रममा पहिलो पटक उभिएका प्रधानमन्त्री बालेनले आइतबार ६ जना सांसद्को प्रश्नको जवाफ दिए। सभामुखले प्रश्नोत्तर सकिएको घोषणा गरेपछि बालेन संसद्मा बसेनन्। बालेन संसद्बाट बाहिरिए लगत्तै उनको अभिव्यक्तिलाई लिएर विपक्षीले गम्भीर प्रश्न उठाउन थाले। सीमा विवादसम्बन्धी विवादलाई सबैजसोले केन्द्रमा राखेर प्रश्न गरेका छन्। नेपाली कांग्रेसले नेपालबाट भारतको जमिन मिचिएको प्रधानमन्त्रीको अभिव्यक्तिमा तथ्यको माग गरेको छ।

'सम्माननीय प्रधानमन्त्रीले नेपालको तर्फबाट पनि भारतको भूमि मिचिएको रहेछ भन्नुभयो। कहाँनेर मिचिएको हो यसबारे छिटोभन्दा छिटो अवगत गराइयोस्,' कांग्रेसकी प्रमुख सचेतक बासना थापाले भनिन्, 'यो गम्भीर विषय हो। प्रधानमन्त्रीले दुई देशको सीमाबारे बोलेको यो सत्य हो भने राख्न पर्‍यो। यदि यो सही होइन भने रेकर्डबाट हटाइयोस्।' नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेश मल्लले प्रधानमन्त्रीले कहाँ बोल्दै छु भन्ने समेत ख्याल नगरेको बताए। अनौपचारिक कुराकानीमा राखेको विषय जस्तो गरी प्रधानमन्त्री बोलेको हुन सक्ने भन्दै मल्लले भने 'मुलुकको राष्ट्रिय अखण्डतामा आँच आउने खालको अभिव्यक्ति सम्माननीय प्रधानमन्त्रीज्यूले सदनको रोस्ट्रमबाट व्यक्त गर्नुभएको छ। यो सामान्य विषय छैन। यो कुरा धेरै गम्भीर छ।'

यस्तो अभिव्यक्ति राष्ट्रप्रमुखबाट आउने कल्पना गर्न नसकिने उनको आग्रह छ। 'के अरू कुनै मुलुकका प्रमुख/राष्ट्र प्रमुखहरूले मञ्चमा बसेर हामीले फलानो देशको भूमि मिचेका छौं भन्छन् होला ?,' मल्लले प्रश्न गरे। प्रधानमन्त्रीको अभिव्यक्ति संसदीय रेकर्डबाटै हटाउनुपर्ने उनको माग छ। उनले भनेका छन्, 'सम्माननीय प्रधानमन्त्रीको यो अभिव्यक्ति ( सीमा विवादसम्बन्धी अभिव्यक्ति) लाई संसद्को तर्फबाट करेक्सन गर्नैपर्छ। यो अभिव्यक्तिलाई संसद्को रेकर्डबाट हटाइनुपर्छ।' अनलाइनखबरबाट

## सिरहामा 'ग्याङ'...

मोबाइलसमेत नियन्त्रणमा लिई चेकजाँच तथा थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानमा उनीहरू अधिकांश लागूऔषध सेवनकर्ता रहेको र सुरक्षा व्यवस्थालाई चुनौती दिने कार्य गर्दै आएको पाइएको छ।

प्रहरीले उनीहरूको नेतृत्व गर्ने अन्य व्यक्तिको पनि खोजी गरिरहेको छ। जिल्लामा सक्रिय यस्ता अन्य ग्याङ तथा समूहमाथि समेत निगरानी बढाइएको भन्दै प्रहरीले समाजमा आतंक मच्चाउन खोज्ने यस्ता व्यक्तिबारे सूचना दिनसमेत जनसाधारणलाई आग्रह गरेको छ।

# गौशाला बजार बन्द, टायर बालेर प्रदर्शन



**अजय शाह**

महोत्तरी, १७ जेठ। महोत्तरीको गौशाला बजार बन्द गरी विभिन्न चोकहरूमा टायर बालेर आइतबार बिहानदेखि प्रदर्शन भइरहेको छ। गौशाला नगरपालिकाले कित्ता नं. ११५, ११६ र ११७ मा निर्मित घरटहरा हटाउने तयारी गरेपछि स्थानीयवासीले संघर्ष समिति गठन गर्दै आन्दोलनमा उत्रेका हुन्। स्थानीयले देवनारायण महतोको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन गरेका छन्। नगरपालिकाको निर्णयविरुद्ध आन्दोलनलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति गठन गरिएको जनाइएको छ।

यसअघि स्थानीयवासीले शुक्रबार र शनिबार गौशाला बजार क्षेत्रमा ब्यानर तथा प्लेकार्डसहित विरोध प्रदर्शन गरेका थिए। नगरपालिकाले घर भत्काउने तयारी थालेको भन्दै स्थानीयवासीले त्यसप्रति असन्तुष्टि जनाएका हुन्। संघर्ष समितिका सदस्य नरेश सिंह कुशवाहाले ५० वर्षभन्दा बढी समयदेखि ( राणाकालदेखि नै) बसोबास गर्दै आएका परिवारलाई उचित व्यवस्थापन नगरी घर हटाउने प्रयास गरिएको भन्दै त्यसको विरोधमा आन्दोलन सुरु गरिएको बताउनुभयो। उहाँले स्थानीयवासीको बसोबास अधिकार संरक्षणका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो।

स्थानीय जगदीश प्रसाद गुप्ताका अनुसार आइतबार बिहान ७ देखि १० बजेसम्म गौशाला बजार बन्द गरी विरोध कार्यक्रम सञ्चालन गरिएको हो। उहाँले नगरपालिकाको निर्णय फिर्ता गराउन क्रमिक रूपमा थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताउनुभयो। गौशाला बजारस्थित कित्ता नं. ११५ मा हाल ३४ घरपरिवार बसोबास गर्दै आएका छन्। स्थानीयवासीले आफूहरू ५० वर्षदेखि यस क्षेत्रमा बसोबास गर्दै आएको जनाउँदै वैकल्पिक व्यवस्था बिना घर हटाउने निर्णय स्वीकार्य नहुने बताएका छन्।

यस सन्दर्भमा गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले संघीय सरकार अन्तर्गत गृह मन्त्रालयको निर्णय तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्राप्त सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण हटाउनेसम्बन्धी पत्रका आधारमा गौशाला बजारस्थित कित्ता नं. ११५ खाली गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभएको छ। मेयर महतोका अनुसार जिल्ला प्रशासन कार्यालयबाट आएको उक्त निर्देशनात्मक पत्र नगरपालिकामा प्राप्त भएलगत्तै सोहीअनुसार स्थानीय सरकारले आवश्यक प्रक्रिया अघि बढाएको हो। उहाँले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएकाले सोही जिम्मेवारीअनुसार कार्य अघि बढाइएको स्पष्ट पार्नुभयो।

उहाँले सो कित्ता नं. ११५ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा भएको उल्लेख गर्दै उक्त क्षेत्रमा भएको अतिक्रमण हटाई घर-संरचना खाली गराइने जानकारी दिनुभयो। "सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो, सोहीअनुसार हामी कानुनी प्रक्रिया अनुसार अगाडि बढिरहेका छौं," उहाँले भन्नुभयो।

मेयर महतोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ख) बमोजिम सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने अधिकार तथा कर्तव्य स्थानीय तहलाई रहेको उल्लेख गर्दैसोही कानुनी व्यवस्थाअनुसार प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो। नगरपालिकाले सम्बन्धित निर्देशन कार्यान्वयन गर्दै अतिक्रमित संरचना हटाउने तयारी अघि बढाएको जनाएको छ।

# चिकित्सक नहुँदा सेवा प्रभावित

**प्रवीणकुमार शर्मा**

रौतहट, १७ जेठ। रौतहट सदरमुकाम गौरमा रहेको प्रादेशिक अस्पतालमा दरबन्दी अनुसार चिकित्सक नहुँदा सेवा प्रवाहमा असर परेको छ। प्रादेशिक अस्पताल गौरका निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर मुरारी ठाकुरले अस्पतालमा दरबन्दी अनुसारका चिकित्सक नहुँदा बिरामीको उपचारमा समस्या हुन थालेको जानकारी दिनुभयो।

नवौं तहका पाँच जना र आठौं तहका दुई जना चिकित्सक काजमा खटिएपछि अस्पताल चलाउन धौ धौ भएको उहाँले बताउनुभयो। ५० शय्याको अस्पताल अहिले सय शय्यामा सेवा विस्तार भए पनि दरबन्दी अनुसारका चिकित्सक तथा अत्यावश्यक उपकरणको व्यवस्था नहुँदा ५० शय्यामै अस्पताल सीमित हुन पुगेको उहाँको भनाइ छ। अस्पतालमा चिकित्सकको अभावले उपचारमै समस्या हुन थालेको गुनासो बारम्बार सम्बन्धित मन्त्रालयमा जानकारी गराउँदासमेत कुनै सुनुवाइ नभएको उहाँको भनाइ छ। अस्पतालमा सेवा विस्तार गरिएको भए पनि दरबन्दी अनुसारका कर्मचारी नहुँदा एउटै चिकित्सकले रातिसम्म काम गर्नुपर्ने बाध्यता रहेको निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर ठाकुरले बताउनुभयो।

सीमित जनशक्तिको कारण उपचारका लागि दैनिक आउने दुईदेखि तीन सय बिरामीलाई राम्रो सेवा दिन नसकिएको उहाँको गुनासो छ। चिकित्सकसँगै मेडिकल रेकर्डर सुपरभाइजर, फिजियोथेरापिस्ट, जनस्वास्थ्य अधिकृत र अनमी समेत काजमा खटिएको उहाँले बताउनुभयो। यसरी काजमा खटिएका जनशक्ति मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालय धनुषामा हाल कार्यरत रहेको अभिलेख अस्पतालसँग रहेको उहाँले जानकारी दिनुभयो।

काजमा खटाइएका चिकित्सक र अस्पतालका कर्मचारीलाई काज फिर्ताका लागि बारम्बार प्रयास गर्दा सुनुवाइ नहुँदा मधेश प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा सामान्य नागरिकको पहुँचसम्म पुर्‍याउन सरकारले नचाहेको अनुभूति गरेको निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर ठाकुरले बताउनुभयो। प्रादेशिक अस्पताल गौरमा दरबन्दी भई अन्यत्र काजमा रहेकाको काज फिर्ताका लागि आफूले पहल गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अवधेश यादवले जानकारी दिनुभयो। अध्यक्ष यादवले भन्नुभयो, "अस्पतालमा दिनदिनै सेवा विस्तार भइरहेका छन्। धेरै रोगको उपचारका लागि बाहिर जानुपर्ने अवस्था छैन तर विशेषज्ञ चिकित्सक नहुँदा सेवा प्रवाहमा समस्या भएको छ। दरबन्दी अनुसारको जनशक्ति प्रदेश सरकारले पूर्ति गर्न सकेको छैन।" ५० शय्याको अस्पताललाई सय शय्यामा स्तरोन्नति गर्नु नौटङ्की भएको उहाँको भनाइ छ।

अस्पतालको समस्या धेरै पटक प्रदेश सरकारका सबै सरोकारवालासँग राखेको भए पनि कुनै सुनुवाइ नभएको उहाँको गुनासो छ। प्रादेशिक अस्पताल गौरको समस्यालाई आफूहरूले गम्भीर रूपमा लिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश

–बाँकी अन्तिम पेजमा

## आगामी आवको ...

चुनौतीलाई मध्यनजर गर्दै यथार्थपरक बजेट ल्याइने उनको भनाइ थियो।

मुख्यमन्त्री यादवले सरोकारवाला निकाय, निजी क्षेत्र, विकासविद्, नागरिक समाज, स्थानीय तह तथा जनप्रतिनिधिबाट प्राप्त सुझावलाई समेटेर आगामी आवको नीति तथा कार्यक्रम निर्माण गरिने बताए। अर्थमन्त्री युवराज भट्टराईले आगामी आवको बजेटलाई उत्पादनमुखी, जनमुखी, उत्तरदायी र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरे। उनले बजेट निर्माणका क्रममा प्राप्त भएका सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी सम्भव भएसम्म समेटिने बताए। प्रदेशको आर्थिक अनुशासन कायम राख्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा सरकार अघि बढिरहेको उनले उल्लेख गरे।

# अत्यधिक गर्मीले महोत्तरीमा १० विद्यार्थी बेहोस



**रवीन्द्र उप्रेती**

बर्दीबास, १७ जेठ। अत्यधिक गर्मीका कारण महोत्तरीको गौशाला नगरपालिका–१२ कान्तिबजार स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा आइतबार १० जना छात्रा बेहोस भएका छन्। विद्यालय प्रशासनका अनुसार कक्षा ८, ९ र १० मा अध्ययनरत छात्राहरू अत्यधिक गर्मीले गर्दा अचेत भएका हुन्। बेहोस भएका छात्रामध्ये ७ जनालाई कान्तिबजार स्वास्थ्य चौकीमा उपचारका लागि लगिएको थियो। तीमध्ये ६ जनाको उपचारपछि घर पठाइएको छ भने टाउको दुख्ने र सास फेर्न गाह्रो भई गम्भीर अवस्थामा रहेकी एक छात्रालाई थप उपचारका लागि नगर अस्पताल गौशाला रेफर गरिएको विद्यालयले जनाएको छ।

सामान्य अवस्थाका अन्य ७ छात्रालाई विद्यालयमै आराम गराएर अभिभावकको जिम्मा लगाइएको छ। कान्तिबजार स्वास्थ्य चौकीकी सिनियर अहेव निलम कुशवाहाका अनुसार उपचारका लागि आएका छात्राहरूमा न्यून रक्तचाप, जलविनियोजन (डिहाइड्रेसन), टाउको दुख्ने तथा सास फेर्न गाह्रो हुनेजस्ता लक्षण देखिएका थिए। घटनापछि विद्यालयले छैटौँ पिरियडपछि पठनपाठन बन्द गरेको छ। विद्यालयका प्रधानाध्यापक रामस्नेही यादवले विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेकाले जस्तापाताको छानो भएका कक्षाकोठामा पढाइ सञ्चालन भइरहेको बताउनुभयो।

उहाँका अनुसार आइतबार करिब ३५ डिग्री सेल्सियस तापक्रम रहेको र बिहानैदेखि विद्युत् आपूर्ति अवरुद्ध हुँदा पंखा सञ्चालन हुन नसकेकाले कक्षाकोठामा अत्यधिक गर्मी महसुस भएको थियो। कक्षा १२ सम्म अध्ययन हुने उक्त विद्यालयमा करिब ८०० विद्यार्थी अध्ययनरत छन्।संघीय सरकारले आइतबार सार्वजनिक बिदा दिए पनि गौशाला नगरपालिकाले स्थानीय ऐनलाई टेकेर सामुदायिक विद्यालयमा आइतबारे बिदाको व्यवस्था नगरेकाले नियमित पठनपाठन सञ्चालन गरिएको थियो।

स्थानीयवासी तथा अभिभावकले बढ्दो गर्मीलाई मध्यनजर गर्दै विद्यालय सञ्चालन समय व्यवस्थापन तथा विद्यार्थीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक उपाय अपनाउन सम्बन्धित निकायसँग माग गरेका छन्।

# इनार खन्ने क्रममा एक जनाको मृत्यु

महोत्तरी, १७ जेठ। महोत्तरीको गौशाला नगरपालिका– १२ पडरिया गाउँमा आज इनार खन्ने क्रममा एक मजदुरको मृत्यु भएको छ। मृत्यु हुनेमा सर्लाही, ईश्वरपुर नगरपालिका–१३ बस्ने २२ वर्षीय मजदुर वसन्तकुमार महतो रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताए। जमिनको सतहदेखि करिब ३६ फिट तल काठको टुटो काट्नका लागि ईनारभित्र पस्दा उनको निस्सासिएर मृत्यु भएको प्रहरी नायब उपरीक्षक गोलेले बताए।

इनारभित्र निस्सासिएर बेहोस भएका महतोलाई स्थानीयले तत्काल उद्धार गरी उपचारका लागि ईश्वरपुर नगर अस्पताल, बयलबासमा पुऱ्याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। घटना सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# टिकटकर तुलसा अधिकारी पक्राउ : थाइल्याण्डबाट काठमाण्डौ ल्याइयो



काठमाण्डौ, १७ जेठ। टिकटकर तुलसा अधिकारी पक्राउ परेकी छन्। इन्टरपोलबाट रेड नोटिस जारी भएकी उनलाई प्रहरीले अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहयोगमा पक्राउ गरेको हो। अधिकारीलाई पक्राउ गरी थाइल्याण्डबाट गएराति काठमाण्डौ ल्याइएको जिल्ला प्रहरी परिसर ललितपुरले जनाएको छ। उनीविरुद्ध ललितपुर जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरण, आपराधिक लाभ र ठगी मुद्दा दायर भएको छ। अधिकारीविरुद्ध ६ करोड ५२ लाख २९ हजार रुपैयाँ ठगी र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो।

उनी भागेर विदेश गएको खुलेपछि रेड नोटिस जारी भएको थियो। तुलसा कलेक्सन प्रालिकी सञ्चालक अधिकारीविरुद्ध ललितपुरका एक जना व्यवसायीले उजुरी दिएका थिए। अधिकारीलाई थुनछेक प्रयोजनको लागि अदालतमा उपस्थित गराइनेछ।

# कटारीमा खानेपानीको समस्याः दमकलबाट वितरण गर्दै नगरपालिका

उदयपुर, १७ जेठ। कटारीमा खानेपानीको अभाव भएको छ। कटारी नयाँ खानेपानी तथा उपभोक्ता संस्थाले एक सातादेखि मोटरमा समस्या आएको भन्दै पानी दिन नसकेपछि पिउने पानीको समस्या भएको हो। कटारी नगरपालिका–३, ४ र ५ मा पानीको समस्या देखिएको हो। यसैबिच, गर्मीमा खानेपानी अभाव भएपछि कटारी नगरपालिकाले आजदेखि नगरको दमकलबाट पानी वितरण सुरु गरेको छ।

"स्थानीयलाई गर्मीमा पिउने पानीको समस्या नहोस् भनेर दमकलबाट टोलटोलमा पानी वितरण सुरु गरेका छौँ", नगरप्रमुख राजेशचन्द्र श्रेष्ठले भने, "उपभोक्ता संस्था देखिएको प्राविधिक समस्या समाधान गरी नियमित पानी वितरण गर्न अझै समय लाग्ने भएपछि दमकलले पानी पुऱ्याउन थालेका हौँ।"

आइतबार बिहान कटारी–४ डाँडाटोलका स्थानीय पानी अभाव भएको भन्दै रित्तो गाग्रीसहित पानी माग्न नगरप्रमुखको घर पुगेका थिए। "पानी नभएर शौचालय जान, दैनिक कार्य गर्न, खाना पकाउन तथा पिउन पनि समस्या हुन थालेपछि हामी नगरप्रमुखको घर गएका हौँ", स्थानीय केदार रानामगरले भने, "यस्तै अवस्था रहिरहे खाना खाने थाल धुन पनि पानी अभाव हुनेछ।"

कटारी बजारका होटलसहित स्थानीयलाई समस्या भएको रानामगरको भनाइ छ। अटो रिक्सामार्फत खोलाबाट पानी ल्याएर अन्य काम चलाउनुपर्ने बाध्यता रहेको भन्दै पिउने पानीका लागि नगरले तत्काल वैकल्पिक व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए। खानेपानी आयोजनाको मोटर (पानी तान्ने उपकरण) पटकपटक बिग्रिँदा समस्या आउने गरेको भन्दै विकल्पमा अर्को मोटर राख्नुपर्ने स्थानीयको माग छ। संस्थाका अध्यक्ष विष्णु पौडेलले नयाँ मोटर ल्याउन लागिएको जनाउँदै सम्भवतः भोलि दिउँसोसम्ममा आइपुग्ने बताए। सोमबार मोटर आएमा बेलुकासँग जडान गरी मङ्गलबारदेखि नियमित पानी वितरण गरिने उहाँले जानकारी दिए।

"मोटर भारतबाट ल्याउन लागिएको थियो। उक्त मोटर विराटनगर भन्सारमा रोकिएपछि काठमाडौँबाट अर्को मगाएका छौँ। सोही कारणले केही ढिलाइ भएको हो। मंगलबारसम्म यो समस्या समाधान हुनेछ", अध्यक्ष पौडेलले भने।

# 'नेपालले भारतीय सीमा मिचेको' भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिबारे परराष्ट्र मन्त्रालयले दियो प्रतिक्रिया




काठमाडौँ, १७ जेठ। प्रधानमन्त्री बालेन्द्र शाहले संसदमा नेपालले भारतीय भूमि मिचेको विषयमा दिएको अभिव्यक्तिबारे परराष्ट्र मन्त्रालयले प्रतिक्रिया जनाएको छ। परराष्ट्रले प्रेस विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री शाहको अभिव्यक्ति 'क्रस बोर्डर अकुपेसन' (सीमा वारपारको जग्गा भोगाधिकार) र दशगजा क्षेत्र अतिक्रमणसँग सम्बन्धित रहेको स्पष्ट पारेको छ। नेपाल–भारत सीमा निर्धारण गर्दा नदी सीमाना क्षेत्रमा 'फिक्स्ड बाउन्ड्री प्रिन्सिपल' अवलम्बन गरिएकाले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार नेपालको हालको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ। 'नेपाल–भारत सीमाअन्तर्गत सुस्ता तथा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा नक्सांकन हुन बाँकी रहेको छ। ती क्षेत्रबाहेक अन्य केही स्थानमा 'क्रस बोर्डर अकुपेसन' र दशगजा अतिक्रमणका समस्या विद्यमान छन्,' विज्ञप्तिमा भनिएको छ। परराष्ट्रले प्रधानमन्त्रीले संसदमा उल्लेख गरेको विषय मूलतः यिनै समस्या र सीमा व्यवस्थापनसँग सम्बन्धित रहेको स्पष्ट पारेको छ। नेपाल र भारतबीचको लामो सीमालाई व्यवस्थित र वैज्ञानिक ढंगले व्यवस्थापन गर्न सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन' को लगत संकलनका लागि दुवै देशका सीमासम्बन्धी संयन्त्र तथा प्राविधिक टोलीहरू क्रियाशील रहेको मन्त्रालयले जनाएको छ।

लामो समयदेखि अवरुद्ध रहेको प्राविधिक समितिको काम हालः सीमा क्षेत्रमा सञ्चालनमा रहेको र संयुक्तरूपमा लगत संकलन गर्ने कार्य भइरहेको पनि मन्त्रालयले उल्लेख गरेको छ। प्राविधिक समितिको अध्ययनले कतिपय स्थानमा हाल नेपालको उपयोग तथा उपभोगमा रहेको जग्गा भारततर्फ पर्न सक्ने तथा भारतको उपयोग र उपभोगमा रहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखाएको मन्त्रालयको भनाइ छ। प्रधानमन्त्री शाहले संसदमा राख्नुभएको 'कतिपय स्थानमा भारतको जग्गा नेपालतिर रहेको हुन सक्ने' भन्ने अभिव्यक्ति यही प्राविधिक यथार्थ र 'क्रस बोर्डर अकुपेसन' सँग जोडिएको सन्दर्भमा आएको परराष्ट्र मन्त्रालयले स्पष्ट पारिएको छ।

## चिकित्सक ...

प्रदेशका नवनियुक्त मन्त्री नागेन्द्र साहले बताउनुभयो। प्रादेशिक अस्पताल गौरमा दरबन्दी भई अन्यत्र खटिएका चिकित्सक तथा अस्पतालका कर्मचारीको काज फिर्ताका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग समन्वय भइरहेको उहाँले बताउनुभयो। उहाँका अनुसार प्रादेशिक अस्पताल गौरमा ११ औँ तहका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्टको दरबन्दी रहेको तर त्यसको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले गर्न सकेको छैन।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट** : मार्गानुगामी दैनिक
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)